# रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

नेपाल सरकारले मुलुकको ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न निम्नानुसारका **रोजगार संयोजक**को सेवा करारमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (**२०७५ माघ ४ गते बिहान १०.०० बजेदेखि २०७५ माघ १८ गते दिनको ५.०० बजेसम्म**)

प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मार्फत अनलाईन दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**पद तथा दरबन्दीको विवरण**

| क्र.सं | प्रदेश | रा.प.तृतीय श्रेणी (शाखा अधिकृत सरह) | रा.प.अनं. प्रथम श्रेणी (नायब सुव्वा सरह) | कूलजम्मा |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | १३० | ७ | १३७ |
| २ | प्रदेश नं. २ | १३६ | – | १३६ |
| ३ | प्रदेश नं. ३ | ११२ | ७ | ११९ |
| ४ | गण्डकी प्रदेश | ७४ | ११ | ८५ |
| ५ | प्रदेश नं. ५ | १०९ | – | १०९ |
| ६ | कर्णाली प्रदेश | ६२ | १७ | ७९ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८२ | ६ | ८८ |
| | **जम्मा** | **७०५ जना** | **४८ जना** | **७५३ जना** |

**सेवा अवधि:** नियुक्ति भएको मितिबाट १ वर्ष

**न्यूनतम योग्यता:**

(क) राजपत्राकित तृतीय श्रेणी (शाखा अधिकृत सरह) को रोजगार संयोजकका लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी, (नायव सुव्वा सरह) को रोजगार संयोजकका लागि कम्तीमा प्रवीणता प्रमाण पत्रतहवा सो सरह उतीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

(घ) कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको,

१. देवनागरी र अंग्रेजीमा दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने ।

२. Computer, Printer, Scanner, Multimediaलगायत उपकरणहरुको प्रयोग गर्न सक्ने सीप भएको ।

३. MS-Office Package (Word, Excel, Access, Power point आदि) को प्रयोग गर्न सक्ने क्षमता भएको ।

४. इमेल इन्टरनेट सम्वन्धी आधारभूत ज्ञान भएको ।

५. व्यवस्थापन सूचना प्रणाली(MIS)सम्वन्धी आधारभूत ज्ञान भएको।

अनलाईन दरखास्तसाथअपलोड गर्नु पर्ने कागजातहरु: (१) नागरिकता प्रमाणपत्र (दुबैपट्टि देखिने), (२) पासपोर्ट साइजको फोटो (हालसालै खिचेको), (३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र, (४) न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांकपत्र (उपलब्ध भएमा) र (५) कम्तीमा दुई वर्ष काम गरेको अनुभवको प्रमाणपत्र (उपलब्ध भएमा) ।

**सेवा र सुविधा**

रोजगार संयोजकको छनौट प्रकृया, तलव भत्ता तथा अन्यसेवा र सुविधा सम्वन्धी व्यवस्था नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत रोजगार संयोजकको पदपूर्ति सम्वन्धी मापदण्ड, २०७५ बमोजिम हुनेछ । यो मापदण्ड www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

## रोजगार संयोजकका लागि आवेदन दिने उम्मेदवारहरुका लागि जानकारी

### क) Online Application मार्फत् दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरु

**दरखास्त फारम भर्नुभन्दा पहिला उम्मेदवारलाई आवश्यक पर्ने कुराहरु**

- उम्मेदवारको हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटोको डिजिटल प्रति एक वटा **(बढीमा ५० पिक्सेल सम्मको JPEG Format)**
- उम्मेदवारको नागरिकताको प्रमाणपत्रको डिजिटल प्रति एक वटा **(बढीमा १०० kb सम्मको JPEG)**
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (लब्धाङ्क पत्र) को डिजिटल प्रति **(बढीमा १५० kb सम्मको JPEG)**
- न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिको शैक्षिक योग्यता भएमा सो को प्रमाणपत्र (लब्धाङ्क पत्र) को डिजिटल प्रति **(बढीमा १५० kb सम्मको JPEG)**
- कम्तीमा २ वर्ष कार्य गरेको अनुभवको प्रमाणपत्र **भएमा** सोको डिजिटल प्रति एक प्रति **(बढीमा १५० kb सम्मको JPEG)** । (यसका लागि एक भन्दा बढी संस्थामा काम गरेको भएमा कम्तीमा २ वर्ष कार्य अनुभव देखिने प्रमाणपत्रहरु स्क्यान गरी एउटै फाइलमा राख्ने)

**Online फारम भरी आवेदन गर्ने तरिका**

- प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा रहेको Application मा Click गरेपछि देखिने शर्तहरु राम्रोसँग पढी Proceed भन्ने लिङ्कमा Click गर्ने र त्यसपछि देखिने फारममा आफ्नो सम्पूर्ण विवरण भर्ने ।
- शाखा अधिकृत सरहको रोजगार संयोजक वा नायव सुब्बा सरहको रोजगार संयोजक मध्ये कुन पदमा आवदेन गर्ने हो सुरुमै छनौट गर्ने। दुवै पदमा आवेदन दिने भएमा फरक फरक इमेल ठेगाना चाहिने र आवेदन पनि फरक फरक गर्नुपर्नेछ।
- उम्मेदवारले कुन प्रदेशको लागि आवेदन गर्ने हो छनौट गर्ने ।
- निर्दिष्ट लिङ्कहरुमा गई माग भएको फोटो, नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र एक तह माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र (उपलब्ध भएमा) एवम् अनुभव सम्बन्धी Document Attach गर्ने ।
- आफ्नो सबै विवरण भरिसकेपछि फारमको अन्तिममा रहेको Login Detail मा माग भएको विवरण (इमेल ठेगाना र आवेदन प्रक्रियामा भविष्यमा प्रयोग गर्ने प्रयोजनका लागि छुट्टै Password) राख्ने।
- सबै विवरण भरिसकेपछि फारमको अन्तिममा रहेको Save लिङ्कमा Click गर्ने ।
- Save लिङ्कमा Click गरिसकेपछि सफ्टवेयरले Are you sure to submit the form? भन्ने प्रश्न सोध्छ। त्यसपछि आफूले भरेको सबै विवरण ठीक छ छैन रुजु गर्ने । यदि ठीक भएमा Ok मा Click गर्ने।
- विवरण दुरुस्त नभएमा Cancel गरी सच्याउने । सच्याइसकेपछि पुनः save लिङ्कमा Click गरी पुनः रुजु गरी ok मा Click गर्ने।

**परीक्षा दस्तुर**

- आवेदनका लागि कुनै पनि प्रकारको दस्तुर बुझाउनु नपर्ने।

**प्रवेश पत्र लिने तरिका**

- आवेदन दर्ता गरिसकेपछि Online मा नै आवेदकको प्रवेशपत्र सिर्जना हुनेछ । यस्तो प्रवेशपत्र आवेदकले प्रिन्ट गरी भविष्यमा हुने कम्प्युटर सीप परीक्षण, करार सम्झौता लगायतका प्रक्रियाहरुमा अनिवार्य रुपमा पेश गर्नुपर्ने भएकोले सुरक्षित राख्नुपर्नेछ।

**ख) छनौटको तरिका**

- अनलाइन प्रणालीमार्फत आवेदन दिने मिति समाप्त भएपछि पहिलो चरणको छनौटमा देहायबमोजिम अङ्क प्रदान गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको प्रारम्भिक नतिजा प्रदेशगत रुपमा प्रकाशन गरिनेछ। यस्तो सूचीमा उपलब्ध भएसम्म माग संख्याको तीनगुणा उम्मेवारहरु छनौट हुनेछन्।

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशतबापत ७० अंक,

(ख) न्यूनतम भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता बापत २० अंक, र

(ग) नेपाल सरकारद्वारा संचालित कार्यक्रम, साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरु वा संयुक्त राष्ट्रसंघीय निकायहरु (यूएन एजेन्सी) वा नेपाल स्थित विकास साझेदार निकाय वा कुटनीतिक निकायहरुका कार्यक्रममा रोजगारी, विकास, सामाजिक परिचालन, नीति तथा योजना, गरिबी निवारण, तथ्यांक व्यवस्थापन वा सूचना प्रविधिको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव बापत १० अंक । दुई वर्षभन्दा कम अवधिको अनुभव बापत अङ्क प्रदान गरिने छैन ।

न्यूनतम शैक्षिक योग्यताको लब्धांक बापतको अंक निर्धारण देहाय अनुसारको सूत्रको प्रयोग गरी गरिनेछ:

क)प्रतिशत उल्लेख भएको लब्धाङ्कपत्रको हकमा

<u>न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रतिशत×७०</u>

१००

ख) CGPA उल्लेख भएको लब्धाङ्कपत्रको हकमा

<u>न्यूनतम शैक्षिक योग्यताको CGPA अङ्क×२५ ×७०</u>

१००

- दोस्रो चरणका लागि पहिलो चरणबाट छनौट भएका उम्मेदवारहरुलाई आवेदन गरेको सम्बन्धित प्रदेशमा कम्प्युटर सीप परीक्षा सञ्चालन गरी सो परीक्षामा प्राप्त अङ्कका आधारमा वैकल्पिक योग्यताक्रम सहितको अन्तिम सिफारिस सूची तयार गरिनेछ ।

थप जानकारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको Website www.pmep.gov.np मा जानुहोस ।